रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश नेपाल

## परासीहाटबजारका पसलघरहरुको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/५/९

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १० को उपदफा ४ बमोजिम यस नगरपालिकाको वडा नं. २ स्थित परासी हाटबजारमा नवनिर्मित पसलघरहरुको ५ वर्षका लागी बहाल कर असुल गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक मु.अ.कर दर्तावाल व्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

शर्तहरु:

१. सिलबन्दी दरभाउपत्रको फारम यो सूचना प्रकाशन भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र तोकिएको राजश्व तिरी खरिद गर्न सकिनेछ । यसका लागि फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नं. प्रमाणपत्रको प्रतिलिपि र आ.व.०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (कर हिसाब मिलानको म्याद थप गरेको भए सो को पत्र) संलग्न गरी निवेदन दिनुपर्ने छ ।

२. न्युनतम ठेक अंक यसै साथ संलग्न तालिका बमोजिम हुने छ । कबोल रकम र धरौटी रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

३. सिलबन्दी दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक परासी शाखामा रहेको धरौटी खाता नं. ३१००१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक बिडवण्ड संलग्न गर्नुपर्नेछ ।

४. सूचना प्रकाशन भएको मितिले १६औं दिन, दिनको १२:०० बजे भित्र दरभाउपत्र यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ र दर्ता भएका दरभाउपत्र सोही दिन ५:०० बजे कार्यालय र ब्यावसायी प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोलिने छ । तोकिएको समयमा ब्यावसायी प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिदको अंतिम दिन र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

६. दरभाउ दाताले कबोल गरेको रकम ठेक्का सम्झौताका वखत एकमुष्ठ बुझाएमा जम्मा रकमको १० प्रतिशत छुट दिईनेछ । दरभाउपत्र दाताले कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा कवोल रकमको १ वर्षमा दामासाहीले हुन आउने रकम सम्झौता गर्दा बखत बुझाउनु पर्ने छ र बांकी रकम प्रत्येक आर्थिक वर्षमा किस्ताको रुपमा बुझाउनु पर्ने छ । सम्झौता गर्दा, सम्झौता अवधिवाट थप एक महिना सम्मको अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ ।

७. ठेक्का लिने पक्षले ठेक्का सम्झौताका वखत कबोल अंकको १.५ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउदा १३ प्रतिशतले हुने मु.अ.कर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाउनुपर्नेछ ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

८. ब्यावसायीलाई चालु आर्थिक वर्षको ठेक्काको पहिलो वर्षका लागि वार्षिक कबोल रकमको ५० प्रतिशतले ब्यवस्थापनका लागी छुट उपलब्ध गराइने छ ।

९. ठेकेदारको कबोल रकममा प्रत्येक १/१ वर्ष पछि १० प्रतिशत वहाल रकम स्वतः बृद्धि हुने छ ।

१०.पसलघरमा कानुनले निषेध गरेको मालसामानहरुको बिकी वितरण गर्न पाइने छैन र ब्लक बी.र सी.मा माछा मासु मात्र बिकी गर्न पाइने छ ।

११. सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले जुन सुकै समयमा ३० दिनको अग्रीम सूचना दिई सम्झौता तोड्न सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन । सरकारी बाकी सरह असुल उपर गरिनेछ ।

१२. कोरोना जस्ता महामारीको जोखिम बढ्न गएको अवस्थामा सरकारले जोखिम न्यूनिकरणको लागि पसल घर सञ्चालन बन्द गर्न गराउन निर्णय वा निर्देशन गरेमा सोको पालना गर्नुपर्नेछ । यसबाट हुन जाने क्षतिपूर्तिको विषयमा नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर बन्द, हडताल जस्ता कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालय क्षतिपूर्ति दिन बाध्य हुने छैन ।

१३. प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड अनुसार मात्र पोलिथिनको झोला प्रयोग गर्न व्यापारीलाई ब्यावसायीले स्वयं नियन्त्रण र रेखदेख गर्नुपर्नेछ । हाटबजारका हरेक विक्रेताले आफ्नो फोहर झोला वा बोरामा कुहिने र नकुहिने छुट्टयाएर संकलन गरी पसल घर स्थल सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ब्यावसायी स्वयंले गर्नु पर्नेछ ।

१४. पसल घरमा रहेको खानेपानी, बिजुलीको महशुल, शौचालय मर्मत तथा व्यवस्थापन, बत्ति जडान र मर्मत तथा शौचालयको सरसफाई ब्यावसायीले दैनिक गर्नु पर्ने छ । छुट्टै अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किङ शुल्क उठाउन पाइने छैन । साथै बैठकी करको दररेट उल्लेख गरि सबैले देख्नेगरी होर्डिंग बोर्ड राख्नु पर्नेछ ।

१५. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजश्व उपशाखामा सम्पर्क गर्न सकिने छ ।

१६. यस सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

पसल घरको न्यूनतम ठेक अंक

| क्र.स. | ठेक्का को नाम | कोठा संख्या | प्रति पसलघर मासिक न्युनतम दर | मसिक जम्मा | वर्षिक न्यूनतम ठेक अंक (मु.अ.कर वाहेक) | फारमको मूल्य (फिर्ता नहुने गरि) |
|---|---|---|---|---|---|---|
| १ | ब्लक ए. उत्तर दक्षिण मोहडा | १२ | ३०००।०० | ३६०००।०० | १३,२०,०००।०० | १०००।०० |
| | ब्लक बी. उत्तर दक्षिण मोहडा | ३० | २०००।०० | ६००००।०० | | |
| | ब्लक सि. उत्तर मोहडा | ७ | १०००।०० | ७०००।०० | | |
| | ब्लक डि. दक्षिण मोहडा | ७ | १०००।०० | ७०००।०० | | |

मान बहादुर खड्का
(प्रमुख प्रशासकीय अधिकृत)

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत